कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय


# डिभिजन वन कार्यालय, जाजरकोट



# जाजरकोट जिल्लामा वन डढेलोको अवस्था, पूर्वतयारी तथा प्रतिकार्य योजना

## परिचय:

वनमा लागेको आगो जब खुलारुपमा स्वतन्त्र भएर जहांजहां अनियन्त्रित रुपले फैलिदैं गई वनमा रहेको अनगिन्ती प्राकृतिक इन्धनका सामग्री जस्तै सुकेका पातपतिङ्गार, हाँगाबिँगा, घाँस, झाडी र रुखहरु आदिलाई बाल्दै वा नष्ट गर्दै विशाल रुप लिएर अगाडि बढद्छ त्यसलाई वन डढेलो भनिन्छ। वन डढेलो वनजंगलमा लाग्ने अनियन्त्रित आगो हो। वन डढेलोको लागि प्रज्वलनशील वस्तु, अक्सिजन र आगोको स्रोत गरी तीन तत्वको अनिवार्य आवश्यकता पर्दछ।





*चित्र नं १ वन डढेलोका आधारभूत तत्व।*

## कानूनी व्यवस्था:

वन ऐन, २०७६ को दफा ४९ (घ) मा राष्ट्रिय वनमा आगो लगाउने वा आगलागी हुन जाने कार्य गरेमा दण्डनीय अपराधको रुपमा लिई सोही ऐनको दफा ५० मा उपर्युक्त कसूर गर्नेलाई क्षति भएको बिगो असुल गरी ३ वर्षसम्म कैद वा ६० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था रहेको छ।

## जाजरकोट जिल्लामा वन डढेलो घटनाको अवस्था:


जाजरकोट जिल्लामा सन् २००३ देखि सन् २०२५ सम्मको अवधिमा MODIS आधारित वन डढेलो पहिचान तथा अनुगमन प्रणालीबाट वन डढेलो घटनाको तथ्याङ्कको आधारमा सन् २०२१, २०१६, २००९ मा सबैभन्दा धेरै वन डढेलोका घटना भएको देखिन्छ।





*चित्र नं २ सन् २००३ देखि सन् २०२५ सम्मका वन डढेलो घटनाको अवस्था*

जाजरकोट जिल्लामा सन् २००३ देखि सन् २०२५ सम्मको अवधिमा MODIS आधारित वन डढेलो पहिचान तथा अनुगमन प्रणालीबाट वन डढेलो घटना तथ्याङ्कको आधारमा सबैभन्दा धेरै वन डढेलोका घटना मार्च देखि मे महिन महिनामा भएको देखिन्छ।


Scanned with CamScanner




*चित्र नं ३ सन् २००३ देखि सन् २०२५ सम्म वन डढेलो घटना भएको महिना ।*




*चित्र नं ४ सन् २००३ देखि सन् २०२५ सम्मका स्थानिय तहगत वन डढेलोको घटना संख्या ।*




*चित्र नं ५ सन् २००३ देखि सन् २०२५ सम्ममा स्थानीय तहगत वन डढेलोका घटना संख्या ।*





चित्र नं ६ जाजरकोट जिल्लाकोवन डढेलोको जोखिम नक्सा ।

जाजरकोट जिल्लामा सन् २००३ देखि सन् २०२५ सम्मको अवधिमा **MODIS** आधारित वन डढेलो पहिचान तथा अनुगमन प्रणालीबाट वन डढेलो घटनाको तथ्याङ्कको आधारमा नलगाड नगरपालिकामा सबैभन्दा धेरै ३२७ वटा र भेरी नगरपालिकामा सबैभन्दा कम ९६ वटा घटना घटेको पाईन्छ ।

### वन डढेलोका कारण:

नेपालमा ९६% वन डढेलो मानविय कारणले लाग्छ भने ४% वन डढेलो अज्ञात वा थाहा नभएको कारणले लाग्ने गरेको अध्ययनले देखाएको छ । शर्मा (१९९५) र गोल्डामर (२०११) का अनुसार नेपालमा वन डढेलोका कारण सबैभन्दा धेरै चरिचरणका लागि आगो लगाउने प्रवृत्तिका कारण ३० प्रतिशत रहेको छ ।



*चित्र नं ७ वन डढेलोका कारणहरु*

### वन डढेलोको असर:

- रुखबिरुवालाई हानी
- वन्यजन्तुलाई क्षति
- माटोमा असर
- प्रदुषण (वायु प्रदुषण र जल प्रदुषण)
- जलबायु परिवर्तनका असर
- जैविक विविधतामा ह्रास
- परिस्थितिकिय प्रणालीमा असर
- पानीको स्रोतमा असर
- वनको सुन्दरतम् मनमोहकमा असर

### जाजरकोट जिल्लामा अति उच्च जोखिम/उच्च जोखिममा रहेका सामुदायिक वनको विवरण:

जाजरकोट जिल्लामा सन् २००३ देखि सन् २०२५ सम्मको अवधिमा **MODIS** आधारित वन डढेलो पहिचान तथा अनुगमन प्रणालीबाट वन डढेलो घटनाको तथ्याङ्कको आधारमा अति उच्च जोखिम/उच्च जोखिममा रहेका सामुदायिक वनको विवरण निम्नबमोजिम रहेको छ ।

| सि.न. | स्थानीय तह | वडा न | सामुदायिक वन | |
|---|---|---|---|---|
| | | | अति उच्च जोखिम | उच्च जोखिम |
| १ | छेडा | १ | - | चाँदे सहदारे, कोटिला, हरियाली |
| | | ३ | अस्पतालडाँडा लैभिर | - |
| | | ४ | सागिने गैरी गाडनेलना | - |
| | | ९ | - | धुलेपाखा |
| | | १० | काँडा जलजला ब्याउली डुंगा, खल्याकुरा (चौख्या), लिखुका | - |
| | | ११ | | भदाले पाखा |
| | | १२ | खहरेकाफल खोला, खोलेखेत एकडारे, चारेपातल, [illegible] | - |

CS Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | १ | - | चुली, चुली डडमेला, छहरेखोला जलुके |
| | | २ | - | छेपारीकोट, न्यामिरे तिमिरे पाखा, पैहा |
| २ | शिवालय | ३ | - | मेहेल टाकुरा तोंगाचुला, शान्ति ऐरेली, शिवाजु नेम्पा भुर मान्टेउला |
| | | ८ | बाँसखोली भिउथापा | - |
| | | ९ | नाहाडा, प्रगतिशिल | - |
| ३ | भेरी | १ | कमेरेनी, सालिम डाँडा | - |
| | | २ | - | लामापाँखा, मुवा नाउली, डिँगा, भगवती, देउलीडाँडा |
| | | १ | टरे | बल्छे सालधारी |
| | | २ | - | रानीवन नहकुली |
| | | ५ | सागबारी | - |
| | | ७ | बैराखेपानी सञ्जोला, बैराखेपानी सगुरखाली, हाँसचामखोला | - |
| ४ | नलगाड | ८ | नौमेला मैनखोला, पंकोट खग्राला | बतासेचिउरी |
| | | ९ | - | पुरणघरङ्गा पुत्लेपहर |
| | | १० | - | तासुखोला, बयलधारी |
| | | १३ | दारपानी | - |
| | | ४ | ढोटाचौर, थानकोट,<br>रार्गा बाचिलो, कल्लेबारी | - |
| ५ | बारेकोट | २ | | फुलबारी ग्यालसिन, |
| | | ३ | - | खरबदह, दल्लादेवकोट, फुलबारी खाली, रानाकोट हरियाली |
| | | ८ | - | जुर्म्लापोखरी |
| | | १ | धाउनी छहरा, भ्यूकोट्यारी | गातिना, निकालखोली तितपाताल, |
| | | ४ | - | लामाचौर, फलफले, हिमालय कोशेरी महिला, |
| ६ | कुशे | ५ | गाईखुर, मसारा, सल्लेरी | भगभगेमूल, मयुरपंखी, छुम्पातल, बाफबिसाउना, खुर्पा |
| | | ६ | बर्मा, गजेनीपाँखा | भकारीपाखा, ठाडाडाडा, घंरगा |
| | | ८ | - | तिनछहरी जनब्याउली ढुंगा, कुशे |
| ७ | जुनिचाँदे | ६ | - | लडाबयलटाकुरी, ज्वाँल छहरी |
| | | ७ | सल्दि वायु स्मृति | - |

**डिभिजन वन कार्यालय जाजरकोटको आ.व.२०८२/०८३ को वन डढेलो नियन्त्रण पूर्वतयारी तथा प्रतिकार्य योजना**

| क्र.स | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा |
|---|---|---|---|---|
| १ | वन डढेलोको जोखिम नक्सा तथा क्षेत्र निर्धारण गरी सार्वजनिक गर्ने। | डिभिजन/सब-डिभिजन वन कार्यालय | - | माघ १५ गतेसम्म |
| २ | वन तथा भूसंरक्षण विभागद्वारा प्रयोगमा ल्याईएको वन डढेलो पहिचान तथा अनुगमन प्रणालीको प्रयोग गरी Forest Fire and Response System (FFARS) को प्रभावकारी कार्यान्वयन गर्ने। | डिभिजन/सब-डिभिजन वन कार्यालय | - | असारसम्म |
| ३ | डिभिजन/सब डिभिजन वन डढेलो फोकल पर्सन तोक्ने। | डिभिजन/सब-डिभिजन वन कार्यालय | सा.व.उ.स./क.व.उ.स. | पुससम्म |
| ४ | सामुदायिक वन/कबुलियती वन उपभोक्ता समूहमा वन डढेलो नियन्त्रण उपसमिति गठन गर्ने | डिभिजन/सब-डिभिजन वन कार्यालय | सा.व.उ.स./क.व.उ.स. | माघसम्म |
| ५ | जिल्लास्तरमा Rapid Response Team (RRT) गठन गरी प्रभावकारी रुपमा परिचालन गर्ने। | डिभिजन/सब-डिभिजन वन कार्यालय | सुरक्षा निकाय | माघसम्म |
| ६ | वन डढेलोको जोखिम, हानिनोक्सानी, प्रतिकूल प्रभावहरुको बारेमा एफ.एम.बाट प्रचारप्रसार गर्ने गराउने। | डिभिजन/सब-डिभिजन वन कार्यालय | सा.व.उ.स./क.व.उ.स./पत्रकार/रेडियो एफ.एम. | फाल्गुणदेखि असारसम्म |
| ७ | वन डढेलो न्यूनीकरण सम्बन्धी सचेतनामूलक श्रव्यदृश्य सामग्री उत्पादन, प्रकाशन गर्ने। | डिभिजन/सब-डिभिजन वन कार्यालय | सा.व.उ.स./क.व.उ.स. | फाल्गुणदेखि असारसम्म |
| ८ | वन डढेलो संवेदनशील क्षेत्रहरुमा माइकिङ्ग एवं प्रचारप्रसार गर्ने। | डिभिजन/सब-डिभिजन वन कार्यालय | सा.व.उ.स./क.व.उ.स. | फाल्गुणदेखि असारसम्म |
| ९ | वन डढेलो सचेतना मनाउने। | डिभिजन/सब-डिभिजन वन कार्यालय | सा.व.उ.स./क.व.उ.स./पत्रकार/रेडियो एफ.एम. | चैत १ देखि ७ सम्म |
| १० | सामुदायिक/कबुलियती वन उपभोक्ता समूहमा वन डढेलोको क्षति र नियन्त्रण उपायबारे छलफल चलाउने। | डिभिजन/सब-डिभिजन वन कार्यालय | सा.व.उ.स./क.व.उ.स. | फाल्गुणदेखि बैशाखसम्म |

CS Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ११ | स्थानीय तह, सुरक्षा निकाय, उपभोक्ता समूहमा सहभागीतामा वन डढेलो नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी गोष्ठी तथा सामन्य बैठक संचालन गर्ने। | डिभिजन/सब-डिभिजन वन कार्यालय | सा.व.उ.स./क.व.उ.स./जिल्ला प्रशासन कार्यालय/सुरक्षा निकाय | माघसम्म |
| १२ | स्थानीय तह, सुरक्षा निकाय, उपभोक्ता समूह, पत्रकार, अन्य सरोकारवालाहरुको सहभागीतामा एक दिने वन डढेलो नियन्त्रण स्थलगत पूर्वअभ्यास संचालन गर्ने। | डिभिजन/सब-डिभिजन वन कार्यालय | सा.व.उ.स./क.व.उ.स./जिल्ला प्रशासन कार्यालय/सुरक्षा निकाय/गैरसरकारी संस्था | फाल्गुणसम्म |
| १३ | वन डढेलो लगाउने कार्यलाई निरुत्साहन गर्न विद्यमान कानून कडाईपूर्वक लागु गर्ने र कारबाहीको सूचना दिने व्यक्तिलाई पुरस्कारको व्यवस्था गर्ने। | डिभिजन/सब-डिभिजन वन कार्यालय | सा.व.उ.स./क.व.उ.स./जिल्ला प्रशासन कार्यालय/सुरक्षा निकाय | वन डढेलो अवधिभर |
| १४ | वन डढेलो मौसमअघि नै सामुदायिक वन/कबुलियती वनको ईन्धन व्यवस्थापन गर्न पहल गर्ने। | डिभिजन/सब-डिभिजन वन कार्यालय | सा.व.उ.स./क.व.उ.स. | माघदेखि फाल्गुणसम्म |
| १५ | वन डढेलो नियन्त्रणका लागि आवश्य सामग्री जुटाउने। | डिभिजन/सब-डिभिजन वन कार्यालय | सा.व.उ.स./क.व.उ.स./ गैरसरकारी संस्था | माघसम्म |
| १६ | वन डढेलोबाट हानीनोक्सानी भएका घरपरिवारको लागि राहतको लागि पहल गर्ने। | जिल्ला प्रशासन कार्यालय/डिभिजन/सब-डिभिजन वन कार्यालय | सा.व.उ.स./क.व.उ.स./ गैरसरकारी संस्था | डढेलो अवधिभर |
| १७ | वन डढेलोले क्षति पुगेको वन्यजन्तुको उद्धार, उपचार र पुनर्स्थपना गर्ने। | डिभिजन/सब-डिभिजन वन कार्यालय | सा.व.उ.स./क.व.उ.स./ जिल्ला प्रशासन कार्यालय/सुरक्षा निकाय | डढेलो अवधिभर |
| १८ | वन डढेलोबाट क्षति भएको वन क्षेत्रको प्राकृतिक पुनरुत्पादन तथा वृक्षारोपण गर्ने। | डिभिजन/सब-डिभिजन वन कार्यालय | सा.व.उ.स./क.व.उ.स. | डढेलो अवधिभर |
| १९ | वन डढेलोबाट भएको क्षति तथा कारणको अनुगमन, मूल्याङ्कन तथा अभिलेखन गर्ने। | डिभिजन/सब-डिभिजन वन कार्यालय | सा.व.उ.स./क.व.उ.स./जिल्ला प्रशासन कार्यालय/सुरक्षा निकाय | डढेलो अवधिभर |

## सरोकारवालाहरुको भूमिका

| निकाय | कानून तथा रणनीति मार्फत सिर्जित दायित्व |
|---|---|
| प्रदेश वन मन्त्रालय | वन डढेलोको अवस्था हेरी जिल्ला वन सुरक्षा समन्वय समितिको सिफारिसमा वन डढेलो जोखिम क्षेत्र घोषणा गरी रोकथाम र नियन्त्रणका लागि विशेष व्यवस्था गर्न सक्नेछ। |
| प्रदेश वन निर्देशनालय | वन डढेलो रोकथाम तथा नियन्त्रणका लागि रणनीतिक योजना तयार गरी मन्त्रालयबाट स्वीकृत गराउनुपर्नेछ। |
| डिभिजन वन कार्यालय | डिभिजनल वन अधिकृतले आफ्नो कार्यक्षेत्र भित्रमा वन डढेलो लाग्न नदिन उचित प्रबन्ध गर्नु पर्नेछ र वन डढेलो लागेमा तत्काल नियन्त्रणको व्यवस्था गर्नु पर्नेछ। डिभिजनल वन अधिकृतले डढेलो नियन्त्रणका लागि डढेलो नियन्त्रण संयन्त्र गठन गर्न सक्नेछ।<br>वन संरक्षणको दृष्टिकोणबाट आवश्यक देखिएमा डिभिजनल वन अधिकृतले सार्वजनिक सूचना प्रकाशन गरी राष्ट्रिय वनको पूरै वा केही भागमा निश्चित समयको लागि प्रवेश निषेध गर्न सक्नेछ।<br>दण्ड सजाय कार्यान्वयन/अर्धन्यायिक निकायको भुमिका।<br>• राष्ट्रिय वनमा आगो लगाउन वा आगलागी हुन जाने कार्य गरेमा तिन बर्षसम्म कैद वा साठी हजार रुपैंयासम्म जरिवना हुनेछ।<br>• ऐन बमोजिमको कसुर हुन लागेको सुराक दिने वा अपराधी पक्राउ गर्न सहयोग गर्न संस्था वा व्यक्तिलाई कसुरदारलाई हुने जरिबानाको दश प्रतिशत रकम पुरस्कार स्वरुप दिइनेछ। |
| प्रमुख जिल्ला अधिकारी | जिल्लास्तरमा एक वन सुरक्षा समन्वय समिति रहने छ। जसको अध्यक्ष प्रमुख जिल्ला अधिकारी र जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरु सदस्य रहने। राष्ट्रिय वनको सुरक्षाको लागि डिभिजन वन कार्यालयबाट अनुरोध भई आएमा स्थानिय प्रशासन र सुरक्षा निकायले आवश्यक सहयोग गर्नुपर्नेछ। |
| सामुदायिक वन उपभोक्ता समूह | • वनको संरक्षण, सम्वर्धन, व्यवस्थापन तथा सदुपयोग गर्ने<br>• सामुदायिक वनमा कुनै उपभोक्ताले कार्ययोजना विपरीत हुने कुनै काम गरेमा निजलाई सम्बन्धित उपभोक्ता समूहले जरिबाना गर्न सक्नेछ र त्यस्तो कामबाट कुनै हानी नोक्सानी भएकोमा बिगो बराबरको रकम क्षतिपूर्तिको रुपमा असुल गर्न सक्नेछ।<br>• उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा पच्चीस प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गर्नुपर्ने छ।<br>• उपभोक्ता समूहले आफ्नो वनक्षेत्रमा वन डढेलो लाग्न नदिन र वन डढेलो लागेमा तत्काल नियन्त्रणको व्यवस्था गर्नु पर्नेछ। उपभोक्ता समूहले डढेलो नियन्त्रणका लागि वन डढलो नियन्त्रण स्वंयसवी उपसमूह वा एकाई गठन गर्न सक्नेछ।<br>• समुदायमा आधारित वन व्यवस्थापन समूहहरुमा डढेलो व्यवस्थापन स्वयंसेवी उपसमूह (इकाइहरु) गठन गरिने छ। |
| निजी वन वा जग्गावाला | निजी वन धनी वा जग्गावालाले आफ्नो निजी वन वा जग्गामा लागको आगो वा डढेलो अन्यत्र फैलन नदिन व्यवस्था गर्न पर्नेछ। |

**"आगो एक असल नोकर तथा खराब मालिक हो तसर्थ आगोको सहि सदुपगोग गर्न जरुरी छ ।"**


**डिभिजन वन कार्यालय, जाजरकोट**

फोन नं. : ०८९-४३०२७१, ९८५८०६०२७१

वेवसाईट : www .dfojajarkot .gov .np

Email: dfojajarkot2019@gmail .com


Scanned with CamScanner